संघीय संसद

# प्रतिनिधि सभा, २०७९

तेस्रो अधिवेशन

बैठक संख्या - २३

## दैनिक कार्यसूची

२०८१ वैशाख २ गते, आइतवार

बिहान ११:०० बजे

## (सम्भावित)

**राष्ट्रपतिको कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**प्रश्नोत्तर टेबुल**

२. चालु अधिवेशनमा विभिन्न मन्त्रालयबाट उत्तर प्राप्त भएका सबै मौखिक तथा लिखित प्रश्न र उत्तरहरु सम्बन्धित माननीय मन्त्रीहरुबाट टेबुल गरिने ।

**समितिको प्रतिवेदन पेश**

३. शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति श्री अम्मरबहादुर थापाले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८०" पेश गर्नुहुने ।

**वार्षिक प्रतिवेदन पेश**

४. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन २०८०" पेश गर्नुहुने ।

**व्यवस्थापन कार्य**

५. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री सुमना श्रेष्ठले राष्ट्रिय सभामा उत्पत्ति भएको "शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले "संघीय निजामति सेवा विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

७. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीले राष्ट्रिय सभामा उत्पत्ति भएको "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**अनुपस्थितिको सूचना**

८. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित माननीय सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि पेश गर्नुहुने ।

पद्म प्रसाद पाण्डेय
महासचिव